आज मिति २०७४ श्रावण १३ गते, शुक्रबार सांझ ५:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना ह्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. सदस्य सचिव श्री रोहित राज पोखरेल

विषयहरु :-

१. परम्परागत शैलीमा घर बनाउने नगरवासीहरुलाई आर्थिक सहयोग गर्ने बारे ।

२. गाईजात्रामा प्रदर्शन हुने सांस्कृतिक विधाहरुको मूल्यांकन र पुरस्कार बारे ।

३. बैठक भत्ता बारे ।

४. विविध ।

**निर्णयहरु :–**

१. भक्तपुर नगरपालिकाको पुरानो बस्ती क्षेत्रभित्र परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरुलाई प्रोत्साहन स्वरुप अगाडिको मोहडा निर्माण गर्ने क्रममा प्रयोग गरिने काठ र ईटा खरिदको कुल खर्चको ३५ प्रतिशत नगरपालिकाले अनुदान दिने निर्णय गरियो ।

२. यस वर्षको गाईजात्रा पर्वमा प्रदर्शन गरिने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरु एवं सापारुको दिन प्रदर्शन गरिने घिन्तांघिसी र माक प्याखंको मूल्यांकन गरी पुरस्कृत गर्ने उद्देश्यले मिति २०७४।४।८ गते बसेको शिक्षा, संस्कृति र स्वास्थ्य समितिको बैठकले वडाअध्यक्ष श्री उकेश कवांज्यूको संयोजकत्वमा देहाय बमोजिम मूल्यांकन समिति गठन गरेको निर्णय अनुमोदन गरियो :

**तपसिल**

श्री रविन्द्र ज्याख्व, वडाध्यक्ष, भ.न.पा. ९
श्री राजकृष्ण गोरा, वडाध्यक्ष, भ.न.पा. ३
श्री कान्छा बासुकला, भ.न.पा. ६
श्री सत्यनारायण दिदिया, भ.न.पा. ५
श्री विश्वनाथ प्रजापति, भ.न.पा. ४
श्री लक्ष्मी नारायण दुवाल, भ.न.पा. ८
श्री पञ्चलाल लाछिमस्यू, भ.न.पा. ९
श्री आसराम वैद्य, भ.न.पा. ३
श्री श्याम सुन्दर शिल्पकार, भ.न.पा. १
श्री सुलोचना छ्वाजु, भ.न.पा. ९
श्री राजेन्द्र श्रेष्ठ, भ.न.पा. ४
श्री मुक्ति सुन्दर जधारी, भ.न.पा. ५
श्री कृष्णभक्त प्रजापति, भ.न.पा. ९
श्री इन्दिरा लाछिमस्यू, भ.न.पा. ५
श्री सिद्धिकुमार अवाल, भ.न.पा.६

३. यस वर्षको गाईजात्रा पर्वमा प्रदर्शन गरिने साँस्कृतिक विधाहरुको मूल्यांकन गरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना/सहभागीहरुलाई देहाय बमोजिम पुरस्कारको व्यवस्था गर्ने मूल्यांकन समितिको प्रस्ताव अनुसार नगद पुरस्कार (कर बाहेक) प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

| सांस्कृतिक विधाहरूको नाम | नगद पुरस्कार | | | |
|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सान्त्वना □ सहभागी |
| देवी प्याखं | ३०,०००।०० | २४,०००।०० | १८,०००।०० | १०,०००।०० |
| भैल प्याखं | | | | |
| माक प्याखं | १८,०००।०० | १२,०००।०० | ८,०००।०० | ४,०००।०० |
| गाईचा प्याखं | | | | |
| लुसी प्याखं | | | | |
| फाकंदली प्याखं | | | | |
| नागाचा प्याखं | १२,०००।०० | ९,०००।०० | ६,०००।०० | ३,०००।०० |
| लाखे प्याखं | | | | |
| नटु(मथु)वाचा प्याखं | | | | |
| कलाली प्याखं | | | | |
| जंगली प्याखं | | | | |
| नाटक | १०,०००।०० | ८,०००।०० | ६,०००।०० | ३,०००।०० |
| ख्याल | | | | |
| भालु प्याखं | १०,०००।०० | ८,०००।०० | ६,०००।०० | ३,०००।०० |
| खिचा प्याखं | | | | |
| ख्या प्याखं | | | | |
| कवांचा प्याखं | | | | |
| **विशेष पुरस्कार** | | | | |
| घिंताघिसी. | १५,०००।०० | १२,०००।०० | १०,०००।०० | ५,०००।०० दुई वटा |
| झ्याउरे प्याखं | १०,०००।०० | ८,०००।०० | ६,०००।०० | |
| हनुमान प्याखं | ६,०००।०० | ३,०००।०० | | |
| म्हेखा प्याखं | | | | |
| किजापुजा प्याखं | | | | |
| कपायफेनेगु प्याखं | | | | |
| सलां प्याखं | | | | |
| डा प्याखं | | | | |
| झ्या झ्या प्याखं | | | | |

**नोट : घिंताघिसीमा उत्कृष्ट एक जना कलाकारलाई रु.२,०००।- पुरस्कार प्रदान गरिने छ ।**

४. भक्तपुर नगरपालिकाका विभिन्न समितिहरुको बैठक एवं वडा कार्यालयमा बैठक बस्दा निम्नानुसार बैठक भत्ता दिने निर्णय गरियो :

क. प्रति बैठक भत्ता रु.१०००।-

ख. समितिको बैठक महिनाको बढीमा ४ पटकको मात्र बैठक भत्ता उपलब्ध गराउने र

ग. वडा समितिको बैठक महिनाको बढीमा ४ पटकको मात्र बैठक भत्ता उपलब्ध गराउने

५. विविध विषयमा छलफल हुंदा देहाय अनुसार गर्ने निर्णय गरियो :

क. प्रथम नगर सभा भव्यताका साथ सम्पन्न गर्न सहयोग गर्नु हुने मजदुर, किसान, युवा, विद्यार्थी, महिला, शिक्षक, व्यापारी, बुद्धिजीवी र समाजसेवीलगायत सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

ख. वातावरण तथा पर्यटन समितिको मिति २०७४।४।७ गते बसेको बैठकको निर्णय अनुसार सोही समितिको अगुवाईमा भक्तपुर नगरपालिका वडा नं. ७ स्थित पलेस्वं पोखरी, न्हाद पोखरी, खंचा पोखरी र महेश्वरी मीन्दर परिसरमा सरसफाई तथा हरियाली क्षेत्र व्यवस्थापन कार्यक्रम आयोजना गर्ने निर्णय अनुमोदन गरियो ।

ग. भ.न.पा. क्षेत्रभित्र खानेपानीको स्रोत पहिचान तथा सम्भाव्यता अध्ययनको लागि सदस्य श्री महेन्द्र खायमलीको संयोजकत्वमा खानेपानी श्रोत पहिचान तथा सम्भाव्यता अध्ययन समिति गठन गर्ने निर्णय गरियो :

**<u>तपसिल</u>**

१. संयोजक – महेन्द्र खायमली

२. सदस्य – उकेश कवां

३. सदस्य – श्याम कृष्ण खत्री

घ. महिला तथा युवाहरुलाई निम्नानुसार सीपमूलक तालिमहरु संचालन गर्ने निर्णय गरियो :

१. चिनीया भाषा

२. पाक शिक्षा

३. हेयर कटिङ्ग

४. बुटिक

५. फोहर मैला व्यवस्थापन

ङ. खेलकुद समितिको निर्णय अनुसार विद्यालयस्तरीय खेलकुद प्रतियोगिता आयोजना गर्ने विषयमा छलफल गरियो ।

६. देहाय अनुसार लगत इष्टमेट पारित गर्ने निर्णय गरियो :

क. भ.न.पा.वडा नं. ४, गपलीस्थित गपली ढुंगेधारा निकास मर्मत तथा ढुंगेधारा परिसर सुधार कार्य रु९,८३,३१९।६३ बराबरको रि.ल.ई. स्वीकृत गर्ने ।

ख. भद्रकाली मन्दिर पछाडिको पूर्वको बाटोमा ढुंगा छपाई रि.ल.ई. १४६७९६७।६१ स्वीकृत गर्ने ।

ग. भ.न.पा. ५ नं. वडा कार्यालयको रंगरोगन ल.ई.रु. १,५६,७६८।७२ स्वीकृत गर्ने ।

घ. भ.न.पा. ५ नं. वडा कार्यालय पछाडिको बाटो मर्मत ल.ई. रु.१४,६७,९६९।६१ स्वीकृत गर्ने

ङ. भ.न.पा. ४ नं. वडा कार्यालयको रंगरोगन रि.ल.ई. रु.२,५६,०११।३३ स्वीकृत गर्ने ।

७. उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुंदा देहाय अनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

क. योजनाको नाम : भ.न.पा. वडा नं. ८ स्थित पांग्राचा गल्लीको पाटी मर्मत संभार

**पदाधिकारीहरुको नाम :**

अध्यक्ष श्री विवेक प्रजापति

सचिव श्री विष्णुभक्त सुवाल

कोषाध्यक्ष श्री कृष्णाश्वरी बासी

सदस्य श्री किरण सुवाल

सदस्य श्री नारायण प्रसाद ध्वजु

सदस्य श्री कृष्ण राम गाईजु

सदस्य श्री नानी छोरी दुवाल

सदस्य श्री कृष्णावेटी प्रजापति

सदस्य श्री पंचमाया दुवाल

ख. योजनाको नाम : भ.न.पा. वडा नं. ८ स्थित जेंला पोखरीको उत्तरतर्फको पाटी मर्मत

**पदाधिकारीहरुको नाम :**

अध्यक्ष श्री सिताराम बोहजु

सचिव श्री शिवराम बोह्जु

कोषाध्यक्ष श्री लक्ष्मीश्वरी सैंजु

सदस्य श्री देवेन्द्र सुवाल

सदस्य श्री चक्रमाया बोह्जु

सदस्य श्री सुभद्रा नकर्मी

सदस्य श्री ईन्द्रलक्ष्मी बोह्जु

सदस्य श्री शम्शेर बोह्जु

सदस्य श्री शिव प्रसाद वाला

८. मिति २०७३।१०।२३ प.सं. ०७३/०७४/०१ च.नं. ३२२० को पत्रानुसार जनसहभागितामा आधारित सौर्य सडक बत्ती जडान कार्यक्रम संचालन गर्न तपसिल बमोजिमको सौर्य सडक बत्ती जडान उपभोक्ता समिति गठन भई आएकोले स्वीकृत गर्ने निर्णय गरियो :

तपसिल

योजनाको नाम : सौर्य बत्ती जडान स्थान : माकचो गणेश

**पदाधिकारीहरुको नाम :**

अध्यक्ष श्री श्री कान्छा बमनु

सचिव मसिनु माया द्यो जाकिबन्जार

कोषाध्यक्ष कान्छी साही

सदस्य राममाया बाइजु

सदस्य ईश्वरीमाया स्यामाजु

९. जनसहभागितामा आधारित सौर्य सडक बत्ती जडान कार्यक्रम संचालनार्थ ४ (साविक १४) नं. वडाको स्थानहरु माकचो र याकटी २(दुई) सेट सोलार सडक बत्ती जडान गर्न लगत ईष्टिमेट रु.२१११६८।३० हुन आएको र सो ल.ई. मा नेपाल सरकारको अनुदानबाट ६५ प्रतिशतले रु.१३७२५९।४०, न.पा.बाट २० प्रतिशतले रु.४२२३३।६६ र उपभोक्ता समितिबाट १५ प्रतिशतले रु.३१६७५।२५ लागत सहभागितामा कार्य गर्ने निर्णय गरियो ।

१०. म्याद थपबारे छलफल हुंदा विविध कारणले समयभित्र कार्य सम्पन्न गर्न नसकेकोले म्याद थप गरी पाऊं भनी दिएकोमा छलफल हुंदा देहाय अनुसार म्याद थप गर्ने निर्णय गरियो :

| क्र.सं. | योजनाको नाम | निवेदक | म्याद थप अवधि |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | न.पा. प्रांगणको पाटी निर्माण | तुल्सी/विनायक जे.भी. | २०७४ श्रावण मसान्तसम्म |
| २ | न.पा. भवन अगाडिको कम्पाउण्ड वाल निर्माण | प्रो. राजाराम न्हिसुतु | २०७४ भाद्र मसान्तसम्म |
| ३ | वडा नं. २ ठूलो पाटी कासन जाने बाटोमा दाफा पाटी पुनः निर्माण | लक्ष्मी नारायण सुवाल | २०७४ असोज मसान्तसम्म |
| ४ | वडा नं. २ लघु पाटी पुनः निर्माण | पुनः निर्माण उपभोक्ता समिति | २०७४ पौष मसान्तसम्म |
| ५ | भ.न.पा.वडा नं. ७ नासःद्यो मन्दिर सुधार कार्य | पद्म सुन्दर शाक्य | २०७४ असोज मसान्तसम्म |
| ६ | भ.न.पा.वडा नं. ५ भद्रकाली मन्दिर पछाडिको पूर्वको बाटोमा ढुंगा छपाई | रामेश्वर प्रजापति अध्यक्ष उपभोक्ता समिति | २०७४ असोज मसान्तसम्म |

११. यस न.पा.को ड्राइभर मनोज छुकांको कार्यालय भवन भत्काउने क्रममा घाइते भई न.पा.बाट उपचार गरेकोमा हाल खुट्टामा राखेको स्टिलको पट्टी निकाल्न लाग्ने खर्च नियमानुसार न.पा.ले व्यहोर्ने निर्णय गरियो ।

१२. सवारी साधन खरिद सम्बन्धमा छलफल हुंदा नगर क्षेत्रमा फोहर मैला जथाभावी बाहिर फाल्ने गरेको तथा फोहर मैला संकलन केन्द्र समेत खुल्ला रुपमा रहेकोले नगर क्षेत्र नै फोहर देखिएकोले सोलाई सुधार गर्नको लागि फोहरलाई स्रोतबाटै कुहिने र नकुहिने गरी संकलन गर्न हाल मौजुदा सवारी साधनहरुले मात्र सम्भव नभएकोले नगर क्षेत्रमा बिहान ६ बजेदेखि ८ बजेसम्ममा फोहर संकलन गर्नको लागि आवश्यक देहाय अनुसार सवारी साधनहरु खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियोः

**तपसिल**

१. मिनीट्रक/निशान ३ थान

२. तीन पांग्रे मोटर साइकल रिक्सा/इलेक्ट्रिकल रिक्सा १० थान

३. स्टायण्ड सहितको कुहिने र नकुहिने फोहर राख्ने डस्टबिन १० थान

४. हाते ब्रुमर ५ वटा

१३. फोहर संकलन च्याम्बर बनाउने सम्बन्धमा छलफल हुंदा नगर क्षेत्रमा दैनिक वडाहरुमा सडक, चोक, सफाई कार्य गर्ने गरिआएको फोहर मैलालाई वडाको विभिन्न स्थानहरुमा खुल्ला रुपमा संकलन केन्द्रको रुपमा व्यवस्था गरी आएको हुंदा त्यसरी खुल्ला रुपमा फोहर संकलन केन्द्र हुंदा दिनभरि नै उक्त स्थान फोहर भइरहेको साथै वरिपरि दुर्गन्धित भएकोले फोहर संकलन केन्द्रलाई सुधार गर्ने उद्देश्यले हाललाई नमूनाको रुपमा १ स्थानमा फोहर संकलन च्याम्बर निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।